# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।१०।०३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत सम्बन्धी ४(चार) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०९।२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी

**देहायः**

| सि.न. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | शोभिता साह (वि.अ.को मु.नं. ०७७-CR-०१२०वि.अ.को फैसला मिति २०७९/३/३० | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी शोभिता साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्णरुपमा छुट दिई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(३) को कसूर गरेको पुष्टी भएकोले रु. ५,०००/- विगो कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१) को देहाय खण्ड (क) बमोजिम सजाय गरी पाउन मागदावी। | **<u>फैसलाः प्रतिवादीलाई कसूरबाट सफाई।</u>**<br>**<u>वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः</u>**<br>• उक्त फैसलामा प्रतिवादीले अदालत समक्ष वयान गर्दा शैलेन्द्र कुमार महतोले मलाई यी कागजमा सही गर भनेकोले मैले सही गरेको हो । मसँग कसैले घुस माग गरेको थिएन ।<br>• मिसिल संलग्न प्रमाणहरुबाट घुस लिएको भन्ने तथ्य पुष्टी हुन नसकी आरोपीत व्यक्तिले सफाई पाउने ठहरी फैसला भैसकेको हुँदा घुस/रिसवत लिएको नदेखिए पछि घुस/रिसवत दिएको भन्ने कुरा स्वतः नै नदेखिने भन्ने आधारलिई प्रतिवादी शोभिता साहलाई आरोपदावीबाट सफाई दिइएको। | • प्रस्तुत मुद्दाको उठान नै उजुरीकर्ताको रुपमा रहेकी प्रतिवादी शोभिता साह रहेको निर्विवाद रुपमा पुष्टी भएको तथ्यलाई अन्यथा भन्न सकिने अवस्था देखिदैन । उजुरीकर्ताको रुपमा रहेको निज प्रतिवादी शोभिता साहले अनुसन्धान अधिकृत समक्ष कागज गर्दा "म निवेदक छिमेकी शैलेन्द्र कुमार महतोको भारतीय नम्बरको मोटर साइकल निज प्र.स.नि.ले चेकजाँच गर्ने क्रममा नियन्त्रण लिएको र छुटाए वापतको लागि म मार्फत निज प्र.स.नि.ले रु. ५,०००/- घुस/रिसवत माग गरेका थिए । उक्त रकम मिति २०७७/०३/२३ गते निजको प्रहरी चौकीको कम्पाउण्ड भित्र निजलाई हातमा नै दिएको हो । म र प्र.स.नि. रामविश्वास राय यादव बीच भएको वार्तालापतको रेकर्ड हो " भनी कागज गरिदिएबाट अनुसन्धानको क्रममा संकलित प्रमाणहरुबाट प्रतिवादी शोभिता साहको कसूर पुष्टी भएको।<br>• प्रस्तुत मुद्दाका प्रतिवादीको संलग्नता अनुसन्धानको क्रममा प्रमाणहरुले पुष्टी गरिदिएको र कानूनी व्यवस्था अन्तरगत पाउने छुट बमोजिम वादीको साक्षीको रुपमा प्रवेश भई सके पछि अनुसन्धानको क्रममा उजुरीकर्ताको रुपमा रहेको तथ्यलाई अपव्याख्या गरी प्रतिकुल बकपत्रका आधारमा निज निर्दोषीताको आधार बन्न हुदैन । अनुसन्धानको क्रममा आफ्नै हस्तलिखित रुपमा प्रतिवादीले घुस/रिसवत लिएको हो र आफूले घुस/रिसवतको रकम दिएको हो भनी किटानपूर्वक कसूरजन्य कार्य गरेको भनी लेखाइदिएको र प्रतिवादी राम विश्वास राय तथा यी प्रतिवादी बीच मोलमोलाई गरेको टेलीफोन सम्वादको लिपीबाट पुष्टी भएको। |
| २ | सुशील बुढाथोकी र ज्ञान बहादुर कार्की (वि.अ.मु.नं. ०७६-CR-०२०१वि.अ.को फैसला मिति २०७९/२/१८ | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी सुशिल बुढाथोकीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा विगो रु. ४,०००/- कायम गरी ऐ.ऐजनको दफा ३(१) र दफा ३(१) को देहाय खण्ड (क) बमोजिम सजाय गरी घुस/रिसवत वापतको रकम ऐ.को | **<u>फैसलाः प्रतिवादीलाई सफाई।</u>**<br>**<u>वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः</u>**<br>• प्रतिवादी सुशिल बुढाथोकीले वयान गर्दा ज्ञान बहादुर कार्की मेरो कार्यालयको कामसँग सम्बन्धित काममा मलाई भेट्न आएको छैन । मैले निजसँग कुनै घुस वापतको रकम लिएको पनि छैन । म पक्राउ पर्नु भन्दा अघि घर व्यवहारका कामका लागि सापटी वापत लिएको रकम रु. | • प्रतिवादी सुशिल बुढाथोकीले ज्ञान बहादुर कार्कीसँग ट्रेस नक्सा बनाई दिए वापत रु. ४,०००/- घुस/रिसवत लिइरहेको अवस्थामा भिडियो फूटेज समेत लिई सोधपुछ गर्दा दुवै प्रतिवादीले नक्सा ट्रेस बनाइदिने सम्बन्धमा रकम लिए दिएको स्वीकार गरेको भन्ने तोपलाल भुषाल समेतको प्रतिवेदन एवं वरामदी मुचुल्का समेतबाट खुली आएको प्रतिवादी सुशिल बुढाथोकीले अनुसन्धानको क्रममा वयान गर्दा स.ज.११ मा रकम लिएको स्वीकार गरी उक्त ट्रेस नक्सा कार्यालय समयमा नभै शनिवार बनाइ दिएको भनी लेखाई दिएका एवं प्रतिवादी सुशिल बुढाथोकीलाई भेटी सेवाग्राही प्रतिवादी प्रवेश भन्ने ज्ञान बहादुर कार्कीले पनि ट्रेस लिएको तथा पैसा पनि दिएको स्वीकार गरी वयान गरिदिएको पाइन्छ । मौकामा कागज गर्ने दुर्गा बहादुर श्रेष्ठ, श्रीराम श्रेष्ठ समेतले सेवाग्राहीको रुपमा रहेका प्रवेश भन्ने ज्ञान बहादुर कार्कीले सरकारी कामसँग सम्बन्धित ट्रेस नक्सा लिने प्रयोजनका लागि रु. ४,०००/- रकम अमिन सुशिल बुढाथोकीलाई दिएको र निजको सेवाबाट उक्त रकम सहित वरामद भएको तथ्यलाई थप पुष्टयाँई गरिदिएको समेतका प्रमाणहरुबाट आरोपदावी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ३(१) बमोजिम असुलगरी जफत हुन तथा प्रतिवादी प्रवेश भन्ने ज्ञान बहादुर कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(३) बमोजिमको कसूरमा ऐ.ऐनको दफा ३(३) ले निर्देशन गरे बमोजिम विगो रु. ४,०००/- कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१) को देहाय खण्ड (क) बमोजिमको सजाय हुन। | ४,०००/- फिर्ता दिएको हो । सोही क्रममा मलाई अख्तियारले पक्राउ गरेका हुन भन्ने समेत व्यहोराको आरोपित कसूरमा इन्कार रही मौकामा र अदालत समक्ष वयान गरेको पाइन्छ ।<br>• यसै गरी प्रतिवादी सुशिल बुढाथोकी र प्रतिवादी ज्ञान बहादुर कार्कीले आफूहरु बीच भएको लेनदेन सापटी रकम रहेको तथा रिसवत लेनदेन गरेको होइन भनी इन्कारी वयान गरेको अवस्थामा प्रतिवादी सुशिल बुढाथोकीले आफ्नो ओहादाको काम गरिदिन वदनियतपूर्वक रिसवत माग गरेको पुष्टी हुन नसकेको हुँदा केवल प्रतिवादीबाट सापटी रकम वरामद भएको आधारमा मात्र रिसवत लिएको भन्ने अनुमान गरी प्रतिवादीहरुलाई कसूरदार ठहर गर्नु न्यायोचित नहुने भन्ने समेत आधार ग्रहण गरिएको। | बमोजिम कसूर गरेको पुष्टी भई रहेको अवस्थामा प्रतिवादीहरुले सरकारी अमिनले गर्नुपर्ने काम वापत रिसवतको रुपमा रु. ४,०००/- दिए लिएको देखिने यथेष्ठ प्रमाणलाई अदालत समक्ष सापटी वापत लिएको रकम फिर्ता गरेको भन्ने कथनलाई आधार लिई भएको फैसला सरासर त्रुटीपूर्ण देखिन्छ ।<br>• प्रतिवादी सुशिल बुढाथोकी सरकारी कर्मचारीको रुपमा रहेकोमा पनि विवाद छैन । सेवा ग्राहीको रुपमा रहेका प्रतिवादी ज्ञानबहादुर कार्कीले पनि ट्रेस नक्सा बनाई दिएवापत रु. ४०००/-दिएको र प्रतिवादी सुशिल बुढाथोकीले पनि लिएकोमा निर्विवाद रुपमा पुष्टी भइरहेको अवस्थामा प्रतिवादी सुशिल बुढाथोकीले अदालतमा उक्त रकम आफूले लिएको तर विदाको दिन शनिवार काम गरी त्यस वापत लिएको भनी केवल कसूरबाट बच्ने उद्देश्यले गरेको भनाई कै आधारमा प्रतिवादी सुशिल बुढाथोकीले अनुचित लाभ लिएनन् र वदनियत थिएन भनेर भन्न सकिने स्थिती निर्विवाद रुपमा पुष्टी भएको अवस्था होइन ।<br>• सरकारी कर्मचारीको रुपमा रहेको राष्ट्र सेवकले सेवाग्राही सँग आर्थिक लाभ लिनु आफैमा वदनियत हो । तसर्थ वदनियत थिएन र अनुचित लाभ लिएनन् भन्ने फैसलाको तर्कसँग सहमत हुने अवस्था देखिदैन । तसर्थ उल्लेखित आधारहरु लिई भएको फैसला समेत वदरयोग्य रहेको देखिन्छ ।<br>• प्रतिवादी सुशिल बुढाथोकीले अनुसन्धानको क्रममा वयान गर्दा नक्सा ट्रेस बनाई दिएको सम्बन्धमा रु. ४,०००/- प्रतिवादी प्रवेश भन्ने ज्ञान बहादुर कार्कीबाट लिएको स्वीकार गरेका र प्रतिवादी ज्ञान बहादुर कार्कीले पनि रकम आफूले दिएको स्वीकार गरेबाट सेवाग्राहीको रुपमा प्रतिवादी ज्ञान बहादुर कार्की र प्रतिवादी सुशिल बुढाथोकी सरकारी कामको जिम्मेवारीमा रहेको तथ्यले उजागर गरिदिएको पाइन्छ । प्रतिवादी सुशिल बुढाथोकीले अदालत समक्ष वयान गर्दा रकम लिएको तथ्यलाई पुष्टी गरिदिएका र उक्त लिएको रकम रु. ४,०००/- ५/७ दिन भन्दा अघि सापटी लिएको रकम फिर्ता गरिदिएको भनी स.ज.८ मा खुलाई दिएको पाइन्छ । प्रतिवादी ज्ञान बहादुर कार्कीले पनि अदालत समक्ष वयान गर्दा मिति २०७६/८/०८ गतेका दिन सापटी रकम फिर्ता दिएको हो भनी खुलाई दिएको समेत पाइन्छ । सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट प्रतिवादी रमेश कुमार तामाङ भएको भ्रष्टाचार (घुस/रिसवत) मुद्दामा मिति २०७८/४/१९ मा **"आफ्नो कार्यालयको कामसँग सम्बन्धित सेवाग्राहीसँग सापटी भनी रकम लिएको कुरालाई स्वयं प्रतिवादीले अदालतमा वयान गर्दा समेत स्वीकार गरेको हुँदा रकम लेनदेन भएको तथ्य वरामदी रकम र मुचुल्का वाहेकको प्रमाणबाट पनि पुष्टी भएको देखिन्छ । यस अवस्थामा " मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङ्कनका आधारमा आरोपदावी ठहर हुने नहुने कुराको न्यायिक निरुपण गर्नुपर्ने हुन्छ भनी पूर्व उधृत अधिवक्ता विष्णुप्रसाद घिमिरेको निवेदनका सन्दर्भमा भएको व्याख्या र प्रतिपादित सिद्धान्तका आधारमा समेत रकम लिने दिने कार्य भएको कुरालाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन्छ ।"** भनी प्रतिपादित सिद्धान्तले सरकारी कामसँग सम्बन्धित सेवाग्राहीसँग सापटी रकम लिएमा पनि भ्रष्टाचार ठहरीने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्था समेतका आधारमा निज प्रतिवादीहरु दुवै जनालाई कसूर ठहर गरी सजाय गर्नु पर्नेमा सो नगरी भएको फैसला त्रुटीपूर्ण देखिन्छ । |
| ३ | राम नरेश पासवान वि.अ.मु.नं. ०७६-CR-०२७३वि.अ.को फैसला मिति २०७९/३/१० | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी रामनरेश पासवानलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा विगो रु. ७५,०००/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) को देहाय खण्ड (ग) बमोजिमको सजाय हुन। | <u>**फैसलाः**</u> <u>**प्रतिवादीलाई सफाई।**</u><br><u>**वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः**</u><br>• प्रस्तुत मुद्दाको वारदात समेत सोही अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० बमोजिम प्रमाण संकलनको विषय सहित रहेकोले आयोगले उपलब्ध गराएको रकम नै वरामद भएकोलाई मूल दशीको रुपमा ग्रहण गरी कसूर ठहर गर्न उल्लेखित संवैधानिक इजलासबाट प्रतिपादित सिद्धान्त प्रतिकूल देखिएको,<br>• अभियोगदावी पुष्टी हुने प्रमाण भनी वादी पक्षले उल्लेखित रकम वरामदी वार्गेनिङ फोन सम्वाद, रकम वरामद गर्ने क्रममा खिचिएको श्रव्य-दृश्य सि.डि. रङ्गेहात परिक्षण मुचुल्का, परिक्षण प्रतिवेदन, घुस/रिसवत लेनदेन सम्बन्धी कुराकानी रेकर्ड गरिएको अडियोबाट उतार स्क्रिप्ट राइटिङ्ग एवं खानतलासी, वरामदी मुचुल्कामा सहीछाप गर्ने र अनुसन्धानको क्रममा बुझिएका मानिसहरुले गरेको कागजको व्यहोरा अदालत समक्ष गरेको बकपत्र समेत प्रमाण ग्राह्य देखिन नआएको। | • प्रस्तुत मुद्दाका उजुरीकर्ता धुरेन्द्र गुप्ताले आफ्नो बाबु रुपनारायण साहको नाममा रहेको जग्गा हाल साबिक गर्ने कार्यका लागि निवेदन दिइएकोमा प्रतिवादी रामनरेश पासवानले पटक-पटक दुखः हैरानी दिई आलटाल गर्दै रु. ७५,०००/- रकम माग गरेको भनी लिखित उजुरी दिएकोमा प्रतिवादी रामनरेश पासवानले अनुसन्धानको क्रममा वयान गर्दा स.ज. नं. २८ मा धुरेन्द्र गुप्तासँग घुस/रिसवत वापत रु. ७५,०००/- लिएको ठिक साँचो भन्ने व्यहोरा खुलाई दिएका प्रतिवादी र उजुरीकर्ता निवेदक बीच रकम मोलमोलाई गरिरहेको फोन रेकर्डको लिपि लेखनमा प्रतिवादीले "<u>**त कमसेकम एक धुरको पैसा दिदिनु**</u>" भनेकोमा निवेदक र उजुरी कर्ताले "<u>**सत्तरी हजार रुपैयाँ**</u>" भन्दा प्रतिवादीले "<u>**पचहत्तरी भनेकोकी सत्तरी भनेको हो**</u>" र निवेदकले "<u>**ए पचहत्तरी**</u>" भन्दा प्रतिवादीले स्वीकार गरेको पाइन्छ ।उजुरकर्ता धुरेन्द्र गुप्ताले मौकाको उजुरीलाई समर्थन गरी अदालत समक्ष बकपत्र गरिदिएका समेतका प्रमाणहरुबाट कसुर पुष्टी भइरहेको अवस्थामा सर्वोच्च अदालतको संवैधानिक इजलासबाट ०७४-WC-००२० रिटमा "............ <u>**अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार संकलन गरिएको अर्थात प्रत्यर्थी आयोग स्वयंले नै दिई पठाएको सरकारी कोषको रकम वरामद भए गरेका सबै काम कारवाही वदर हुने होइनन, मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङ्कन आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु पर्ने नै हुन्छ ।**</u>" भनी भएको व्याख्याको प्रतिकूल प्रस्तुत रिट आदेशको आडमा भएको प्रस्तुत फैसला त्रुटीपूर्ण रहेको।<br>• प्रतिवादी रामनरेश पासवान उपरको उजुरीकर्ताले अदालत समक्ष उक्त उजुरी निवेदनलाई समर्थन गरी पुष्टी गरिदिएका प्रतिवादीले अनुसन्धानको क्रममा आफ्नै हस्तलिखित व्यहोराबाट कसूरलाई स्वीकार गरेको वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) बमोजिम प्रमाणयोग्य रहेको छ भने अर्कोतर्फ प्रतिवादी र उजुरीकर्ता बीच भएको टेलीफोन सम्वाद सहितको सिडीबाट देखिएको रिसवत लेनदेन तथ्यलाई प्रमाण लिनु पर्ने हुन्छ । "<u>**आरोपित कसुर गरेको तथ्य समर्थीत हुने सि.डि.मा रहेको देखिएकोले यसलाई प्रमाण होइन भन्न नमिल्ने**</u>" (ने.का.प. २०७४, अङ्क, ९, भाग ५९, निर्णय ९८८०) भनी सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त र प्रमाण ऐन, २०३१ को दफा १३क बमोजिम श्रव्यदृश्य अभिलेखलाई प्रमाण ग्रहण गर्न सकिने कानूनी व्यवस्था विपरित सो नगरी प्रतिवादी विरुद्धका प्रमाणहरुको शुक्ष्म विश्लेषण नगरी सतही रुपमा प्रमाणको मूल्याङ्कन मात्र गरी भएको फैसला त्रुटीपूर्ण देखिएको। |
| ४ | पर्वत पौडेल (वि.अ. को मु.नं. | घुस/ रिसवत | प्र. पर्वत पौडेललाई भ्रष्टाचार निवारण ऐन, | <u>**फैसलाः**</u> प्रतिवादीलाई सफाई।<br><u>**विशेष अदालतले सफाई दिदा लिइएका**</u> | • प्र. पर्वत पौडेलले विभिन्न बहाना गरी ढिलासुस्ती गरी आफूसँग सिधै रकम माग नगरी राममणी दाईसँग जनकराज ढुँगानालाई पहिलेको सहित सबै हिसाब किताब मिलाउन रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०७७-CR-००४६, वि.अ. को फैसला मिति २०७९/४/१२) | लिई भ्रष्टाचार गरेको। | २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुरमा विगो रु. ७५,०००/- कायम गरी ऐनको दफा ३(१) र ३(१) को देहाय खण्ड (ग) वमोजिम सजाय। | **<u>आधारहरु</u>**<br>• बरामद भएको रु. ७५,०००/- मैले राममणी घिमिरेसँग माग गरेको र राममणीले निवेदक जनकराज ढुंगानासँग लिनु भनेको सापटी रकम लिएको हो।<br>• प्रस्तुत मुद्धामा पनि प्रतिवादीको घुस खाने मनसाय, निवेदकसँग घुस मागेको र घूस/ रिसवत लिएको तथ्य पुष्टी हुन सकेको छैन।<br>• बरामदी रकम प्रतिवादीले माग गरे वमोजिम निजलाई दिन भनी निवेदकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन दिई आयोगबाट उपलब्ध गराइएको रकम नै नारायण प्रसाद भट्टले भिरेको झोलाबाट बरामद भएको खानतलासी तथा बरामदी मुचुल्काबाट देखिएको। प्रतिवादीले निवेदकसँग घुस वापत लिएको भनिएको रकम प्रतिवादीको साथबाट बरामद भएको देखिदैन। | ७५,०००/- दिएमात्र घर निर्माण सम्पन्नको प्रमाणपत्र दिन्छु भनी सो कुरा जनकराज ढुँगानालाई जानकारी गराई दिनु भनी भनेकोले मिति २०७७/७/१९ गते निज इन्जिनियर पर्वत पौडेललाई भेटी कुराकानी गर्दा राममणी दाईले भने अनुसार गर्नु भनी घर निर्माण सम्पन्नको प्रमाणपत्र उपलब्ध गराउन रकम बराबर माग गरिरहेकोले आयोगबाट रकम माग गरी बुझि निज पर्वत पौडेलको साथबाट रकम बरामद भएकोले आवश्यक कारवाही गरी पाउँ भन्ने जनकराज ढुंगानाको उजुरी निवेदनबाट खुली आएको प्रस्तुत मुद्धामा मिति २०७७/७/२२ गते विदुर न.पा. -२ स्थित काउन्टर चोकको सागर मिठाई पसलबाट मैले माग गरेको सापटी रकम जनकराज ढुंगानाले मलाई दिन लागेको रु. ७५,०००/- रकम मैले नलिएर मसँगै गएका नारायण प्रसाद भट्टलाई लिन लगाई ब्यागमा राख्न लगाएको हो भनी प्रतिवादी पर्वत पौडेलको अनुसन्धानको वयान व्यहोराबाट खुली आएको तथा रु. २५,०००/- र रु. ५०,०००/- दुई पटक गरी जनकराज ढुँगानाबाट रकम लिएर आफ्नो साथमा रहेको झोला भित्र राखी बाहिर निस्कने क्रममा उक्त रकम रु. ७५,०००/- बरामद भएको हो भन्ने व्यहोरा खुलाउदै उक्त रकम जनकराज ढुंगानाले ईन्जीनियर पर्वत पौडेललाई दिन लाग्दा निजले नारायण दाइलाई दिनु भनेपछि जनकराज ढुंगानाको हातबाट सो रकम मैले लिएको हुँ। उक्त रकम घुस वापतको रकम हो भन्ने मलाई जानकारी थिएन भन्ने व्यहोरा नारायण प्रसाद भट्टको कागजबाट खुलाई दिएको पाइन्छ। यसरी उल्लेखित तथ्य तथा उक्त व्यहोराबाट प्रतिवादी उपरको कसुर पुष्टी भईरहेको अवस्थामा सापटी लिएको भन्ने भनाईलाई आधार लिई भएको उक्त फैसला त्रुटीपुर्ण देखिन्छ।<br>• उजुरीकर्ताको निवेदन अनुसार रु. ७५,०००/- रुपैया इन्जिनियर पर्वत पौडेललाई दिन लाग्दा निजले नारायण भट्टलाई दिन लगाइ निज नारायण भट्टले झोलामा राखेको अवस्थामा बरामद भएको देखिन्छ। उक्त व्यहोरालाई प्रतिवादीले मौकामा रकम लिएको कुरा स्वीकार गरेबाट अदालत समक्षको वयानमा पनि उक्त रकम माग गरेको स्वीकार्दै यद्पी राममणीसँग सापटी मागेको रकम निजले उजुरीकर्तासँग लिनु भनी भनेकोले मैले सापटी लिएको हो भन्ने व्यहोरा खुलाई वयान गरिदिएको पाइन्छ। निज प्रतिवादीले वदनियत साथ उजुरी कर्तासँग रिसवत वापत रकम माग गरेको तथ्यलाई प्रतिवादी पर्वत पौडेल र उजुरीकर्ता तथा अर्का व्यक्ति राममणि घिमिरे बीच भएको अडियो सम्बादको लिपी लेखनबाट समेत पुष्टी भएको पाइन्छ। सम्बादका क्रममा उजुरीकर्ताले "**<u>यताउती सबै गरेर ५०, ६० हजार कति हुन्छ त्यती दिउँला है</u>**।" भन्दा प्रतिवादी पर्वत पौडेलले स्वीकार गरेको पाइन्छ। यसैगरी प्रतिवादी र राममणि घिमिरे बीच रेकर्ड भएको सम्बादको लिपी देखनमा पनि राममणि घिमिरेले "**<u>कति दिने भन्या थियो र भन्या ?</u>** भन्दा पर्वत पौडेलले "**<u>Fifty</u>**" भनेकोमा राममणीले "**<u>पचास</u>**" भनि भनेको र प्रतिवादी पर्वत पौडेलले "**<u>अँ</u>**" भनेकोमा राममणीले "**<u>अनि मैले साठी दे भन्या थिएँ त</u>**।" भनी भनेका र प्रतिवादी पर्वत पौडेलले "**<u>अब उल्ले त पचास भन्छ त अनि Seventy Five गर्दिनु "Seventy five"</u>** भनेकोमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | राममणीले “**अहिले साठी गर्नु न**” भनि भनेको देखिन्छ। यसबाट प्रतिवादीले टेलिफोन सम्बाद गर्दा घुस/ रिसवत वार्गेनिङ्ग गरेको देखिएको अवस्थाको निर्विवाद प्रमाणलाई फैसलामा ग्रहण नगरेको देखिन्छ। प्रस्तुत मुद्धामा प्रमाणको रुपमा पेश गरिएको अडियो भिडीयो सि.डी.बाट रिसवत लिएको तथ्य खुल्न आएको छ। “**आरोपित कसुर गरेको तथ्य समर्थित हुने सि.डी.मा रहेको देखिएकोले यसलाई सम्बद्ध प्रमाण होइन भन्न नमिल्ने**” (ने.का.प.२०७४ अङ्क ९, भाग ५९, नि.नं. ९८८०) भनि सर्वोच्च अदालतको प्रतिवादीत सिद्धान्त र प्रमाण ऐन, २०३१ को दफा १३क वमोजिम श्रव्य दृश्य अभिलेखलाई प्रमाणमा ग्रहण गर्न सकिने कानूनी व्यवस्थालाई प्रमाणको रुपमा ग्रहण नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला प्रतिपादित सिद्धान्त, कानून तथा तथ्य प्रमाणको मूल्याङ्कनको रोहमा समेत त्रृटीपूर्ण छ।<br>• प्रतिवादी पर्वत पौडेलले वदनियत राखी घुस/ रिसवत माग गरेको उजुरी निवेदन, बरामदी मुचुल्का, प्रतिवादीसँग टेलीफोन सम्वादको अडियो रेकर्ड, मौकामा मानिसहरु नारायण प्रसाद भट्ट समेतले गरिदिएको कागज समेतले आरोपदावी पुष्टी भइरहेको अवस्थामा बरामद रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराएको र नारायण प्रसाद भट्टबाट बरामद भएको भन्ने आधार लिई कसूरबाट सफाई दिइएको पाइन्छ। सर्वोच्च अदालतको संवैधानिक इजलासबाट ०७४-WC-००२० रिटमा भएको आदेश फैसलामा “**अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार संकलन गरिएको अर्थात प्रत्यर्थी आयोग स्वयले दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो। केवल यही कारणबाट मुद्धा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन्। मुद्धामा संकलित प्रमाणको मूल्याङ्कनको आधारमा ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ**।” भन्ने आदेशमा भएको प्रतिकुल अर्थ गरी प्रतिवादीको पक्षमा एकतर्फी रुपमा प्रमाणको आड लिइ प्रस्तुत सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल भएको फैसला त्रृटीपूर्ण देखिएको। |